आज मिति २०७६/ ०४/१५ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३९ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत....................... नगर उप प्रमुख

श्री मान बहादुर खड्का.)................प्र .प्र.अ (.सचिव

श्री बिर बहादुर थामी..................... वडा अध्यक्ष भी.न.पा .१

श्री विराजमान श्रेष्ठ .................. वडा अध्यक्ष भी.न.पा .२

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा .३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा .४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा .५

श्री नबिन कुमार लामा ................ वडा अध्यक्ष भी.न.पा .६

श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा .७

श्री नकुल के.सी........................... .वडा अध्यक्ष भी.न.पा .८

श्री चित्र बहादुर भुजेल.................... वडा अध्यक्ष भी.न.पा .९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके. ......................कार्यपालिका सदस्य,

श्री सुमन सुनाम. ..................... कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल ................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली . .....................कार्यपालिका सदस्य,

मिति २०७६/०४/१५ गते
समय :बिहान ११: ००

कार्यपालिकाको ३९ औ बैठकका प्रस्ताव तथा निर्णयहरु

निर्णय नं .१ :प्रस्ताब नं .१ माथि छलफल गर्दा सम्लग्न अनुसूची १ बमोजिमको भीमेश्वर नगर कार्यपालिकाको बैठक आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो

निर्णय नं .२ : प्रस्ताब नं .२ माथि छलफल गर्दा यस नगरपालिकाको निर्णयहरु सार्वजनिक गर्न वडा नं . ४ का अध्यक्ष श्री हरिवंश चौलागाईंलाई यस नगर कार्यपालिकाको प्रबक्ता तोक्ने र आचार संहिताको अनुगमन गर्न तपशिल बमोजिमको आचार संहिता अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल
क (श्री नबिन कुमार लामा.......... संयोजक
ख (श्री किरण वली ................. सदस्य
ग ( सुमन सुनाम.................... सदस्य

निर्णय नं .३ :प्रस्ताब नं .३ माथि छलफल गर्दा आ.ब .२०७५/७६ को बार्षिक समीक्षा २०७६ भाद्र ९ गते आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.४ : प्रस्ताब नं .४ माथि छलफल गर्दा यस नगरपालिकाबाट आ.व.०७६/७७ मा ठेक्का प्रणालीबाट कार्यान्वयन गर्नुपर्ने योजनाहरु वडाबाट निर्णय सहित मिति २०७६ श्रावण २५ गते भित्र नगरपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.५ : प्रस्ताब नं .५ माथि छलफल गर्दा कार्यालयबाट बालमैत्री) CFLG) नगर घोषणाका लागि तयार पारिएको बालमैत्री नगर घोषणा कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । निर्णय नं.६ : प्रस्ताब नं . ६ माथि छलफल गर्दा यस जिल्लाको बहुप्रतिक्षित जलासययुक्त तामाकोशी तेस्रो जलबिद्युत आयोजना दोलखा जिल्लाको आर्थिक विकास र पर्यावरणमा प्रातिकुल प्रभाव पर्ने गरी आयोजनाको क्षमता घटाएर सम्झौता भएको भन्ने सार्वजनिक संचारका माध्यामबाट जानकारीमा आएकोमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी आयोजानाको क्षमता घटाई कार्यान्वयन गरिने विषयमा भीमेश्वर नगरपालिका लगायत दोलखाबासीको पूर्ण असहमति रहेको हुँदा यस अघि तयार भएको सम्भाव्यता अध्ययन तथा बिस्तृत परियोजना प्रतिवेदन अनुसार पूर्ण क्षमतामा कार्यान्वयन गर्ने ब्यबस्था मिलाउन सम्बन्धित मन्त्रालयमा लेखि पठाउने र सहकार्यका लागि प्रत्यक्ष प्रभावित छिमेकी गाउँपालिकाहरुमा बोधार्थ पठाउने निर्णय गरियो ।

निर्णय नं.६ : प्रस्ताब नं .६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा संचालित शहरी स्वास्थ्य केन्द्रहरुमा कार्यरत चौध जना अ.हे.ब/.अ.न.मि.हरुलाई तालुक निकायबाट शसर्त बजेट प्राप्त नभएकोले २०७६ असार मसान्तबाट बिदा गरिएकोमा भीमेश्वरवासीको आधारभूत स्वास्थ्य सेवालाई सुचारु गर्नुपर्ने बिषयलाई मनन गर्दै प्रादेशिक / संघीय मन्त्रालयहरुबाट पछी बजेट ब्यबस्थापन भएमा सोहि बमोजिम हुने र नभएमा नगरपालिकाको आन्तरिक श्रोतबाट दायित्व बहन गर्ने गरि साविककै सेवासुबिधा उपलब्ध गराई २०७६ श्रावण १६ गतेबाट निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.७ : प्रस्ताब नं .७ माथि छलफल गर्दा यस नगरपालिकमा सेवा करारमा कार्यरत प्राविधिक जनशक्तिलाई २०७६ असरर मसान्तबाट बिदा गरिएकोमा नगरपालिकाका वडाहरुमा योजना संचालन

गर्न प्राविधिक जनशक्ति आवश्यक रहेकोमा आवश्यक प्राविधिक जनशक्ति सव ईन्जिनियर/ असिस्टेन्ट सव ईन्जिनियर ६ जना योजनाको कन्टेंजेंसीबाट सेवा सुबिधा भुक्तानी गर्ने गरी सेवा करारका लागि कार्यालयबाट अगाडी बढाएको प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं.८ : प्रस्ताब नं .८ माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाको बिकास निर्माण कार्य सम्बन्धमा तयार पारिएको वार्षिक कार्य पात्रो २०७६ भाद्र महिना भित्र उपभोक्ता समिति गठन तथा डिजायन स्टिमेट असोज मसान्त भित्र सक्ने गरि परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.९ : प्रस्ताब नं.९ माथि छलफल गर्दा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च . नं.३३ मिति २०७६/४/१० को पत्रबाट स्थानीय तहले ५० %लागत साझेदारी गर्ने बजेटको सुनिस्चितता सहित शान्तिपार्क/ शहिद तथा बेपत्ता पारिएका व्यक्तिहरुका नाममा प्रतिक्षालय /शान्तिसंग्राहालय निर्माण योजना, न्यायिक समितिको क्षमाता अभिबृदी तथा पूर्वाधार निर्माण र स्थानीय सुरक्षा ब्यबस्था सवलिकरण योजना प्रस्ताव माग गरिएकोमा तपशिलका योजना प्रस्ताव गरि पठाउने निर्णय गरियो ।

| क्र . स. | योजना | ल.ई . | स्थानीय तहले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | शहिद स्मृति पार्क तथा भ्युटावर वार्ड नं ६ | २,००,००,०००-/ | १,००,००,००० -/ | |
| २ | न्यायिक समिति ईजलास तथा प्रतिक्षा कक्ष निर्माण | २०,००,००० -/ | १०,,००,०००-/ | |
| ३ | बजार क्षेत्रमा cc camera जडान तथा संचालन | ६०,००,००० -/ | ३०,००,००० -/ | |

निर्णय नं.१० : प्रस्ताब नं.१० माथि छलफल गर्दा यस नगरपालिका क्षत्रभित्र रहेका सहकारी सस्थाहरुबाट कार्यक्षत्र विस्तार गर्न माग भई आएकोमा कार्यक्षत्र बिस्तार सम्बन्धि कार्यालयले तयार पारेको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.११ : प्रस्ताब नं११ माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाको आ.व.०७६/७७ मा सार्वजनिक निर्माण लगायातका कार्यको लागी पनि मिति २०७६/०४/०६ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको दोलखा जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत जिल्ला दररेटलाइनै स्वीकृत गरी कार्यान्वन गर्ने निर्णय गर्रियो ।

निर्णय नं.१२ : यस कार्यालयका प्राबिधिक शाखा प्रमुख ईन्जिनियर श्री शुरेस राउतकी ममतामई माता स्व . राधा राउतको मिति २०७६/०३/२३ मा भएको असामयिक देहावसान प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्ने र भिमेश्वर नगरपालिकाका नगर सभा सदस्य श्री दिल बहादुर श्रेष्ठका पिता स्व.मान बहादुर श्रेष्ठको मिति २०७६/०४/०५ का दिन भएको दु:खद निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्ने ,शोक प्रस्ताब पारित गरियो ।

निर्णय नं.१३ : यस नगरपालिका क्षेत्रमा बाँदरको आतंक अत्याधिक बढी सर्वसाधारणको खेतीवाली समेत नस्ट गरेकोले बाँदरको आतंकबाट खेतीवालीको संरक्षणका लागि बाँदर हेरालु राख्ने प्रयोजनका लागि प्रति वडा रु ४०,०००)-/चालिस हजार ( तत्काल उपलब्ध गराउने निर्णय गरीयो

निर्णय नं.१४ : प्रस्ताब नं१४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका विभिन्न ऐतिहासिक मन्दिर तथा देवालय र गुम्बाहरुमा विधुत आपूर्ति गर्न कठिन भएको र बिधुत नियमित समेत नभएको परिप्रेक्षमा महांकाल मन्दिर फुर्वालाखाङ्ग गुम्बा ,चरिघ्यांग गुम्बा ,पशुपति मन्दिर ,सरस्वती मन्दिर ,लगायतका

धार्मिकस्थलहरुमा करिब २०० थान सोलार सडक बत्ति ब्यबस्थापन गरिदिन बैकल्पिक उर्जा प्रबर्धन केन्द्र खुमलटारमा अनुरोध गर्ने निर्णय गरियो।